# गढी गाउँपालिकाको सहकारी नियमावली,
# २०७७

गढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
औरावनी, सुनसरी

प्रमाणीकरण मितिः २०७७।१०।१४

# गढी गाउँपालिकाको सहकारी नियमावली, २०७७

गढी गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी गढी गाउँपालिकाले यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो नियमावलीको नाम "गढी गाउँपालिकाको सहकारी नियमावली,२०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो नियमावली गढी गाउँपालिकाभर लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले गढी गाउँपालिकाको सहकारी ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ख) "अनुदान" भन्नाले गढी गाउँपालिकाले तोकेको क्षेत्र, सीमा, प्रकृतिमा लगानी गर्न गढी गाउँपालिका वा वडा कार्यालयबाट प्राप्त सहयोग रकम सम्झनुपर्छ ।

(ग) "कर्जा वा ऋण" भन्नाले चल अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले लिएको व्याजसहित भुक्तान गर्ने रकम र सदस्यलाई दिएको कर्जा वा ऋणको साँवा, व्याज र हर्जना समेतको रकम सम्झनुपर्छ ।

(घ) "कार्यालय" भन्नाले गढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "नियमित बचत" भन्नाले सदस्यले दैनिक, साप्ताहिक, पाक्षिक, मासिक वा वार्षिकरुपमा गर्ने बचत रकम सम्झनु पर्छ ।

(च) "बहुउद्देश्यीय सहकारी संस्था" भन्नाले दुई वा दुईभन्दा बढी उद्देश्य लिइ काम गर्ने सहकारी संस्था सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र "प्रदेश मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ लाई सम्झनु पर्छ ।

(ज) "व्यवस्थापक" भन्नाले सहकारी संस्थाको व्यवस्थापक वा प्रबन्धक सम्झनु पर्छ ।

(झ) "रजिष्टार" भन्नाले संघीय सहकारी ऐन र प्रदेश सहकारी ऐन बमोजिमको रजिष्टार सम्झनु पर्छ । र सो शब्दले ऐनको दफा ६९ बमोजिम तोकिएको दर्ता गर्ने अधिकारीलाई समेत जनाउँछ ।

(ञ) "संस्थागत पुँजी" भन्नाले सहकारी संस्थाको पछिल्लो आर्थिक वर्षको जगेडा कोष, अन्य कोषहरु, पुरस्कार तथा अनुदान प्राप्त रकम समेतलाई सम्झनुपर्छ ।

३. संस्था दर्ताको दरखास्तको ढाँचा र पेश गर्नुपर्ने विवरणः

(१) ऐनको दफा ५ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीबाट अधिकारप्राप्त अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिंदा सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसूची -२ को ढाँचामा र आवेदकहरुको विवरण अनुसूची -३ को ढाँचामा दरखास्तसाथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिंदा ऐनको दफा ५ को उपदफा (२) मा उल्लेखित कागजातका अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नुपर्नेछ :-

(क) प्रारम्भिक भेलाका निर्णयहरू,

(ख) अनुसूची -४ को ढाँचामा व्यावसायिक कार्ययोजना,

(ग) अनुसूची -५ को ढाँचामा सदस्यबाट सङ्कलित शेयर पूँजी तथा प्रवेश शुल्क बापत संकलित रकमको भर्पाई,

(घ) अनुसूची -६ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण,

(ङ) अनुसूची -७ को ढाँचामा स्व-घोषणा-पत्र,

(च) अनुसूची -८ को ढाँचामा अधिकार प्रत्यायोजन-पत्र,

(छ) आवेदकहरुले कम्तीमा एक दिवसीय पूर्व-सहकारी शिक्षा प्राप्त गरेको प्रमाण,

(ज) आवेदकहरुको नेपाली नागरिकता प्रमाण – पत्रको प्रतिलिपि,

(झ) कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्टयाइँ हुने प्रमाण,

(ञ) आवेदकहरू प्रत्येकले संस्थाको कार्ययोजनाबमोजिमको सेवा उपयोग गर्ने आधार,

(ट) पेशागत संगठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत संगठनको आवद्धताको परिचयपत्रको प्रतिलिपि,

(ठ) गर्दी गाउँपालिकाबाट बनाइएको कार्यविधि, मापदण्ड, निर्देशिका तथा परिपत्र बमोजिमको अन्य विवरण ।

४. <u>संस्था गठन, दर्ता तथा सञ्चालनः</u> (१) ऐनको दफा ३ को उपदफा (३) बमोजिम पेशागत सङ्गठनका आधारमा संस्था गठन गर्दा देहायका शर्तहरू पूरा भएको हुनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत सङ्गठनका सदस्यहरू मात्र सदस्य हुनुपर्ने,

(ख) संस्थाको कार्यक्षेत्र बढीमा गाउँपालिकाभित्र मात्र हुनुपर्ने,

(ग) एक पालिकामा आफ्नो पेशागत सङ्गठनको एकमात्र प्रारम्भिक संस्था गठन भएको हुनुपर्ने ।

५. बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्डः

(१) ऐनको दफा ६ बमोजिम गाउँपालिकाको वडाको जनसङ्ख्याका आधारमा प्रत्येक पाँच सय जनसङ्ख्यामा एउटा संस्थाभन्दा बढी नहुने गरी स्थानीय तहमा बचत तथा ऋण सहकारी संस्था दर्ता गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको सङ्ख्या निर्धारण गर्दा गाउँपालिकाभित्र कार्यक्षेत्र सिमित भएका तथा वडाभित्र कार्यालय रहेका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूको मात्र आधार लिइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको मापदण्डभन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरू यो नियम प्रारम्भ भएको मितिले तीन वर्षभित्र नियमबमोजिम एकीकरण गरी सक्नुपर्नेछ ।

तर महिलामात्र सदस्य भएको संस्था एकीकरण गर्दा महिलामात्र सदस्य भएको संस्थासँग वा एकीकरण पश्चात् पनि महिलाहरुको नेतृत्व सुनिश्चित हुनेगरी एकीकरण गर्न सकिनेछ ।

६. संस्थाको कार्यक्षेत्र पुनः निर्धारणका आधार तथा प्रकृया :

(१) ऐनको दफा ९ को उपदफा (६) बमोजिम संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायका विशेष व्यावसायिक आवश्यकताको आधार लिनु पर्नेछ :-

(क) उत्पादनको सङ्कलन, सञ्चय, प्रशोधन सुविधाका दृष्टिले न्यूनतम आयतन (भोल्युम) कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिँचाइ सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाइ कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रतिएकाइ लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट फैलाउ आवश्यक भएको ।

तर मौजुदा कार्यक्षेत्रको वडामा सदस्यता एवं व्यावसायिक सेवा विस्तारको मुनासिब स्तर हासिल नभएसम्म कार्यक्षेत्र विस्तार गर्नु हुँदैन ।

(२) संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नुपर्छ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं सेवा विस्तारको लेखाजोखा (वडागत रुपमा जम्मा व्यावसायिक कारोवारको दुई प्रतिशत भन्दा बढी भएको) आधार वा अध्ययन प्रतिवेदन प्राप्त गरिएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) कार्यक्षेत्र विस्तार गर्दा ऐनको दफा २२ को उपदफा (१) विपरित दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको र

(घ) ऐनको दफा ९ को उपदफा (६) बमोजिम अनुसूची (९) को ढाँचामा दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ र दर्ता गर्ने अधिकारीले विनियम संशोधनको प्रक्रिया पूरा गरी पेश गर्न आदेश दिन सक्नेछ ।

(३) ऐनको दफा ९ को उपदफा (६) बमोजिम संस्थाले देहायका विवरण पेश गर्नुपर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्रअनुसारको सञ्चालन खर्च, कारोबार र नाफा-नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको वडाअनुसार सदस्यहरूको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरूको वडाअनुसारको विवरण ।

(४) ऐनको दफा ९ को उपदफा (६) बमोजिम कार्यक्षेत्र घटाउन माग भई आएमा निर्देशन दिंदा झिकिने कार्यक्षेत्रमा ५ प्रतिशत भन्दा कम सदस्य रहेको वा ५ प्रतिशत भन्दा कम कारोबार रहेको हुनुपर्नेछ ।

७. **संयुक्त रूपमा वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनः** (१) ऐनको दफा १२ को उपदफा (५) बमोजिम दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त रुपमा वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको

बजारीकरणका लागि देहायबमोजिमका आधारमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्:-

(क) सम्वन्धित संस्थाका सदस्यहरूको आवश्यकतामा आधारित उत्पादनको मूल्य शृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रवन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरणलगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनु पर्ने,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने,

(घ) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्वद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिम पारित प्रस्तावना संयुक्तरूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्वन्धमा सम्वद्ध संस्थाहरूबीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(च) प्रचलित कानुनबमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानुनबमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(२) उपनियम (१) को अधिनमा रही अन्तर-सहकारी सहयोगको भावनाले आवश्यकतानुसार विषयगत वा फरक विषयगत वा बहुउद्देश्यीय संस्थाहरु मिली संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।

(३) उपनियम (१) बमोजिम कार्य पूरा गरी सम्वन्धित संस्थाहरूले तत्सम्वन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर दर्ता अधिकारीले तीस दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त रूपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता अधिकारीले सोको अभिलेख छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नुपर्नेछ ।

(६) यस नियमबमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाले दर्ता अधिकारीले तोकेको ढाँचामा नियमित रूपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(७) संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका सम्वन्धमा अन्य व्यवस्था गर्दा गाउँपालिकाले कार्यविधि बनाई तोक्न सक्नेछ ।

८. **सहकारी संस्थाको विनियम** : (१) ऐनको दफा १७ को उपदफा (१) बमोजिम विनियम बनाउँदा सहकारी संस्थाले अनुसूची -१० मा उल्लिखित विषयहरू समावेश गर्नुपर्नेछ ।

(२) उत्पादक सहकारी संस्था, सेवा सहकारी संस्था (श्रमिक संस्था, स्वास्थ्य संस्था,यातायात संस्था), उपभोक्ता भण्डारसमेतका उपभोक्ता सहकारी संस्थाको विनियममा बचत तथा ऋणको कारोबार गर्ने गरी उद्देश्य वा कार्य समावेश गर्नु हुँदैन ।

(३) सहकारी संस्थाको प्रकृति हेरी दर्ता अधिकारीले थप विषयहरू विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछ ।

९. **सदस्यताको समाप्तिः** (१) ऐनको दफा २३ बमोजिम कुनै सदस्यको सदस्यता समाप्ति गर्दा देहायको प्रकृया पुरा गरेको हुनु पर्नेछ :-

(क) त्यस्तो सदस्यको सदस्यता समाप्तिको आधारसहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) त्यस्तो सदस्यको सदस्यता समाप्तिसम्बन्धी आधारका सम्बन्धमा सञ्चालक समितिले उपसमिति बनाई छानबिन गरी प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सदस्यलाई खण्ड (ख) बमोजिमको उप समितिले आफ्नो सफाइ पेश गर्ने मुनासिव माफिकको मौका दिएको हुनुपर्ने

(घ) सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिम सञ्चालक समितिको निर्णय चित्त नबुझेमा साधारण सभामा उजुरी गर्नु पर्नेछ । साधारणसभाको निर्णयउपर चित्त नबुझेमा दर्ता अधिकारीसमक्ष उजुरी गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २२ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए, नभएको सम्बन्धमा संस्थाले आफ्ना सदस्यहरूलाई यो नियमावली लागू भएको मितिले एक वर्षभित्र स्व-घोषणा गर्न सूचना दिनुपर्नेछ र प्रचलित कानुनबमोजिम दुई वर्षभित्र हटाई सक्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त सूचनाका आधारमा ऐनको दफा २२ को उपदफा (१) विपरित दोहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाको सदस्यता कायम राखी अन्य संस्थाले ऐनमा निर्धारित म्यादभित्र त्यस्तो सदस्यको सदस्यता अन्त्य गर्नुपर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले ऐनको दफा २२ को उपदफा (१) विपरित कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सबभन्दा पहिला लिएको संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ र त्यस्ता संस्थाले तदनुसार सदस्यता अन्त्य गर्नुपर्नेछ ।

१०. **साधारण सभाको बैठकः** (१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरूले समयमै प्राप्त गर्ने गरी पत्राचार इमेल वा 'एस.एम.एस', एफ.एम. रेडियो, पत्रपत्रिकालगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरू स्वयम् उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारण सभाको बैठकमा पेस गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्नु अगावै यथाशक्य छिटो उपलब्ध गराउनुपर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनुपर्दछ ।

(४) साधारणसभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरूका साथै समितिको कुल सदस्य सङ्ख्याभन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरूमध्येबाट चुनेका सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(५) सदस्य सङ्ख्या पाँच सय नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडा–वडा वा पायकको स्थान–स्थानमा समान कार्यसूची राखेर साधारण सभा डाक्नुपर्दा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू सबैलाई उपस्थितिका लागि डाक्नुपर्दछ ।

(६) उपनियम (५) मा उल्लिखित अवस्थामा प्रत्येक बैठकको अध्यक्षता गर्ने व्यक्ति र समितिका पदाधिकारीको जम्मा सङ्ख्याको कम्तीमा दोब्बर सङ्ख्या पुग्ने गरी छनौट भएका सदस्यहरूबाट निर्णय प्रमाणित गर्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम भएका निर्णयहरू साधारणतया अन्तिम बैठक बसेको सात दिनभित्र संस्थामा प्राप्त गरी प्रत्येक बैठकबाट समितिका पदाधिकारीको जम्मा सङ्ख्याको कम्तीमा दोब्बर सङ्ख्या पुग्ने गरी कम्तीमा तीन जनाका दरले चुनिएका प्रतिनिधिहरूले प्रत्येक पानामा सहीछाप गरी अन्तिम निर्णय प्रमाणित गर्नेछन् ।

(८) सबै वा कुनै बैठकको अध्यक्षता गरेकोमा बाहेक सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूले उपनियम (७) बमोजिम प्रमाणित हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुने छैन।

११. <u>सञ्चालक समितिको बैठक</u>: (१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ तर दुई बैठकबीचको अवधि साधारणतया पैंतालीस दिनभन्दा बढी हुने छैन ।

(३) उपनियम (२) को अवधिभित्र उपनियम (१) बमोजिम बैठक नबोलाइएमा बहुमत सदस्यले बैठक बोलाउन उपाध्यक्षसमक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा उपाध्यक्षले सात दिनभित्र बैठक बोलाउनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई सञ्चालक समितिको बैठक राख्न सक्नेछन् ।

(५) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ ।

(६) समितिको बैठकको गणपूरक सङ्ख्या समितिका कुल सदस्य सङ्ख्याको बहुमत हुनेछ ।

(७) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निजसमेत उपस्थित नभएमा सञ्चालकहरूमध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

१२. <u>समितिको काम, कर्तव्य र अधिकार</u>ः ऐनको दफा ३२ मा उल्लिखित कार्यका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) संस्थाको समग्र कार्यसञ्चालनमा सदस्यहरूको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावलीबमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनुका साथै प्राप्त निर्देशनहरूको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारणसम्बन्धी प्रचलित कानुनबमोजिमका व्यवस्थाहरूको कार्यान्वयन गर्ने, गराउने,

(च) आवश्यकतानुसार उपसमितिहरू गठन गर्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचारसंहिता बनाई लागू गर्ने,

(ज) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने ।

१३. <u>उद्देश्यविपरित कार्य गरेको मानिने</u>ः बचत तथा ऋणको मुख्य कारोबार गर्ने बहुउद्देश्यीय वा विषयगत संस्थाले ऐनको दफा ३९ को उपदफा (२) मा निर्धारित समयभित्र बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार नगरेको खण्डमा त्यस्तो संस्थाले ऐनको दफा ६६ को उपदफा (३ ) को खण्ड (ग) को प्रयोजनार्थ उद्देश्यविपरित कार्य गरेको मानिनेछ ।

१४. <u>सदस्यको रकम फिर्ता</u>ः (१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको बढीमा तीस दिनभित्र संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ :-

(क) निजको शेयरको अंकित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांशबापतको रकम र

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ताबापतको रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनुपर्नेछ ।

(३) ऐनको दफा ४३ को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेका बखत ब्याजसहित तुरुन्त फिर्ता दिनुपर्नेछ ।

१५. <u>संरक्षित पुँजी फिर्ता कोष वितरणका आधार</u>ः (१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषको वितरण गर्दा देहायबमोजिम वार्षिक कारोबारको आधार लिनुपर्नेछ :-

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य,

(ख) बचत तथा ऋण संस्थामा सदस्यले ऋणमा तिरेको ब्याज वा बचतमा प्राप्त गरेको ब्याज र अन्य उपभोक्ता संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(ग) श्रमिक संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(घ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख) र (ग) मा उल्लिखित आधार ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्दा बचत रकमको लागि चालीस प्रतिशत र ऋणमा तिरेको ब्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(४) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइने छैन ।

(५) संरक्षित पुँजी फिर्ता कोषको रकम सदस्यको अवस्थाका उपभोक्ता सदस्यसँग कुनै कारोबार गरेको रहेछ भने त्यस्तो सदस्यलाई समेत फिर्ता गर्नुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम कारोबार गरेको सदस्यसँग सम्पर्क हुन नसकेको अवस्थामा त्यस्तो सदस्यले प्राप्त गर्ने रकम संस्थाको जगेडा कोषमा सार्नुपर्नेछ ।

(७) गत आर्थिक वर्षको कारोबारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालू आर्थिक वर्षभित्र वितरण गरिसक्नुपर्नेछ ।

(८) उपनियम (६) बमोजिम कुनै आर्थिक वर्षमा कुनै कारणवस वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ ।

(९) संरक्षित पुँजी फिर्तासम्बन्धी अन्य व्यवस्था दर्ता अधिकारीको निर्णय बमोजिम हुनेछ ।

१६. <u>अन्य कोषसम्बन्धी व्यवस्थाः</u> (१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४७ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पुँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहायबमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकम नघट्ने गरि देहायको दरले छुट्याई वितरण गर्नुपर्नेछ :–

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) साधारणसभाले स्वीकृत गरेको स्थिरीकरण कोष,

(ज) साधारणसभाले तोकेका अन्य कोष,

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ।

(३) सहकारी प्रवर्द्धन कोषको रकम परिचालन सङ्घीय सहकारी नियमावली २०७५ को नियम २६ बमोजिम हुनेछ ।

(४) सहकारी संस्थाले साधारणसभाबाट निर्णय गरी अन्य कोषहरुको व्यवस्थापन गर्न सक्नेछ ।

१७. **अभिलेखः** (१) ऐनको दफा ५१ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्यसञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको प्रचलित कानूनले तोकेको लेखामान तथा ढाँचाअनुसार राख्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरण समेत राख्नुपर्नेछ :-

(क) सदस्यता दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिहरूको बैठकहरूको छुट्टाछुट्टै कारबाई किताब,

(ग) नगदी बही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा सङ्घ, संस्था वा निकायसँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्वसम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ञ) प्रचलित कानूनले तोकेको ढाँचाबमोजिमको हिसाब परीक्षण सूची, आय-व्यय र स्थिति विवरण-पत्र,

(ट) अनुदान प्राप्ति र परिचालन खाता,

(ठ) समय-समयमा प्रचलित कानूनले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

(३) पाँच करोड रुपैयांभन्दा बढी कारोबार गर्ने सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख प्रचलित कानूनले तोकेबमोजिम मापदण्ड पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण सहकारी हेर्ने गढी गाउँपालिकाको सहकारी शाखा र सहकारी बिभागले तोकेको सहकारी तथा गरिबी निवारण मन्त्रालयको सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा अनिवार्य प्रविष्ट गर्नुपर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानुनबमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठसुरक्षा (ब्याकअप) व्यवस्थासहित संरक्षण गर्नुपर्नेछ ।

१८. <u>छुट, सुविधा र सहुलियतः</u> (१) ऐनको दफा ५७ को उपदफा (२) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्वन्धित संस्थाले देहायको विवरण सहित संघीय रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ :-

(क) यसरी निवेदन दिनुअघि रजिष्ट्रेशन दस्तुर छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गा धनी लालपुर्जा र सम्वन्धित कागजातको प्रतिलिपी,

(ख) साधारणसभाको बैठकबाट घर जग्गा धनीको नाम नामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्यसमेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपी,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोप तथा शेयर पूँजीबाट खरिद गर्न पुग्ने लेखा परीक्षकबाट प्रमाणित वित्तीय विवरण,

(घ) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पूँजी र जगेडा कोपको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पूँजी, जगेडा कोप र बचत रकमको लेखा परीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) गढी गाउँपालिकाले सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखाई सुधारका लागि निर्देशन दिएको भए उक्त सहकारी संस्थाले निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्य योजना ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता अधिकारीले छुट सुविधाको लागि सम्वन्धित निकायमा लेखी पटाउनु पर्नेछ ।

(३) अन्य व्यवस्था संघीय सहकारी ऐन र नियमावली बमोजिम हुनेछ ।

१९. <u>ऋण तथा बाँकी बक्यौता असुलिः</u> (१) ऐनको दफा ५८ बमोजिम संस्थाको ऋण तथा बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा संस्थाले देहायका कार्यविधि अपनाउनु पर्नेछ ।

(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतीस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न बुझाउनु आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पूर्जी पटाउनु पर्छ ।

(ख) खण्ड (क) बमोजिम म्याद पूर्जी जारी गरिएकोमा उक्त म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाउँमा लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ग) धितो राखेको घर जग्गा-जमीन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।

(घ) धितो राखेको चल अचल सम्पत्तिको लिलाम बिक्रीको सूचना प्रकाशन गर्नु पर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, व्याज र हर्जनाको रकम समेत उल्लेख गरी सूचना प्रकाशन गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिनभित्र लिलाम बिक्री गरी साँवा व्याज र हर्जनाको रकम असुल उपर गरिने बारेको सूचना संस्थाको कार्यालय, स्थानीय तह, सम्बन्धित वडा कार्यालय, सार्वजनिक स्थान र ऋणीलाई बुझाइ वा बुझ्न नमानेको हकमा घरद्वारमा टाँस गरी स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रपत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(ङ) लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्तिको सम्बन्धित स्थानीय तह वा वडाको प्रतिनिधि, जिल्ला वा इलाका प्रशासन कार्यालयको प्रतिनिधि, लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय वा स्थानीय तहको मालपोत हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक वा निकाय वा कार्यालयको प्रतिनिधि र सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमभन्दा कम नहुने गरी बढावढ गर्ने व्यक्तिहरूमध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृति र मुचुल्का गराई बिक्री गर्नुपर्नेछ ।

तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढावढमा भाग लिन पाउने छैनन् ।

स्पष्टिकरणः नजिकको नातेदार भन्नाले बाबु, आमा, पति, पत्नि, छोरा, छोरी, बुहारी, दाजु, भाई, दिदी बहिनी, सासु, ससुरा, ज्वाई, साला, सालीलाई सम्झनु पर्छ ।

(छ) खण्ड (च) बमोजिमका प्रतिनिधिहरुको रोहवरमा लिलाम बिक्रीको शिलबन्दी खोलेपछि विनियमले तोकेबमोजिमको ढाँचाको फाराममा निजहरुले बोलेको अंक अक्षर स्पष्ट खोली निजहरुको सहीछाप गराउनु पर्नेछ ।

(ज) संस्थाले चल, अचल सम्पत्ति लिलामको डाक बढाबढ गर्दा गोप्य शिलबन्दी आव्हान गर्नुपर्नेछ

(२) लिखित रूपमा अनुरोध गर्दा पनि उपनियम (१) को खण्ड (च) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधि र गाउँपालिकाका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी न्यूनतम मूल्य कायम गरी लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पटाउनु पर्नेछ ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

(४) ऐनको दफा ५८ को उपदफा (६) बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ ।

२०. **लिलाम बिक्री स्थगित गर्न सक्नेः** लिलाम बिक्रीको सूचना प्रकाशित भैसकेपछि मुनासिब माफिकको कुनै कारण परी सो लिलाम बिक्री स्थगित गर्नुपर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्ता गर्ने अधिकारीले त्यस्तो लिलाम बिक्री केही समयको लागि स्थगित गर्न सक्नेछ ।

२१. **असुल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असुल उपर गर्नेः** (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा, व्याज र हर्जनाको रकम असुल उपर हुन नसकेमा बाकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको हक भोगको नेपालको जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट एक वर्षभित्र प्रचलित नियम बमोजिमको कार्यविधि अपनाई लिलाम बिक्री गरी असुल उपर गर्नु पर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले वा एकाघरको परिवारले कमाएको बाली लिलाम बिक्री गरी साँवा, व्याज र हर्जनाको रकम असुल उपर गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जनाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

२२. **लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्नेः** (१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मुल्यको दश प्रतिशत रकम उसै दिन वा भोलीपल्ट धरौटीको रूपमा लिई राख्नुपर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले पन्ध्र दिनभित्र बुझाइ सक्नु पर्नेछ । सो म्यादभित्र नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुने व्यहोराको कागज गराइ राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम उसै दिन वा भोलीपल्ट नबुझाएमा निजपछि सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पुरा मूल्य बुझाएमा निजको नाउँमा वा नियम १९ को उपनियम (४) बमोजिम संस्थाले सकारेमा संस्थाको नाममा सो जायजेथा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेजसमेत गरिदिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

२३. **जायजेथा फिर्ता दिनुपर्ने** : नियम १९ को उपनियम (४) बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने साँवा र अघिल्लो दिनसम्मको व्याज, हर्जना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्चसमेत चुक्ता गरी फिर्ता लिन चाहेमा फिर्ता दिनुपर्नेछ ।

२४. **सहकारी संस्थाको एकीकरणः** (१) ऐनको दफा ६५ बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरु एकीकरण गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र एक अर्कासँग जोडिएको हुनुपर्ने,

(ख) सदस्यहरुबीचको साझा बन्धन समान हुनुपर्ने,

(ग) एकै विषय प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि एकै स्थानमा रही दोहोरो सदस्यता रहेका र मुलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने ।

(घ) सदस्यको प्रत्यक्ष सहभागिता एवम् लोकतान्त्रिक नियन्त्रण कायम रहनु पर्ने ।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा वा गढी गाउँपालिकाको क्षेत्रभित्र पर्ने गरी गरिनेछ

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको पूर्व स्वीकृतिविना मिति २०४९।२।२ अघि दर्ता भएका साझा सहकारी संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गर्न वा त्यस्ता संस्थाहरूको घरजग्गा लगायतका स्थिर सम्पत्ति वेचबिखन गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन ।

तर कुनै सहकारी संस्थाले साझा सहकारी संस्थाको विनियम तथा नाम स्वीकार गरी एकीकरण हुन सक्नेछ।

(४) महिला सहकारी संस्थाहरु र विशेषरूपमा पिछडिएका समुदायमा स्थापित सहकारी संस्था अन्य विशेष उद्यम व्यवसाय संचालन गरिरहेका सहकारी संस्थासँग सामान्यतया एकीकरण गरिनेछैन ।

तर क्षमता विकास, नेतृत्व विकास तथा साङ्गठनिक गतिशीलताको सुनिश्चितता हुने गरी एकीकरण हुन भने वाधा पर्ने छैन ।

(५) एकीकरणमा सहभागी संस्थालाई दर्ता अधिकारीबाट नियम ३८ बमोजिम प्रोत्साहन गर्न सकिनेछ ।

(६) एकीकरण पूर्वको दुवै संस्थामा दायित्व व्यवस्थापन र कर बक्यौता भुक्तानी सम्बन्धमा स्पष्ट गर्नुपर्नेछ ।

(७) एकीकरणका अन्य शर्त, आधार र प्रक्रिया गढी गाउँपालिकाबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

२५. सहकारी संस्थाको विभाजनः (१) ऐनको दफा ६५ बमोजिम संस्थाको विभाजन गरी दुई वा दुई भन्दा बढी संस्थाहरु कायम गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र कम्तीमा एक वडाभन्दा बढी हुनुपर्ने,

(ख) विभाजनको प्रकृयाबाट स्थानीयकरण गर्दा संस्थाहरुको कार्य सञ्चालनमा सदस्यहरुको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था हुनुपर्ने,

(ग) सदस्य संख्या पाँचसय भन्दा बढी भएको हुनुपर्ने,

तर एक भन्दा बढी वडाहरु कार्यक्षेत्र रहेका संस्थाहरुको विभाजन गरी एक वडासम्म स्थानीयकरण गर्दा यो खण्ड लागु हुनेछैन ।

(२) विभाजनका अन्य शर्त, आधार र प्रक्रिया गढी गाउँपालिकाबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

२६. पूर्व सहमति लिनुपर्नेः नियम २४ र २५ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार, वा नेपाल सरकार वा प्रदेश सरकारको निकाय, बैंक, वित्तिय संस्था वा दातृ निकायको ऋण, अनुदान वा अन्य प्रकारका उल्लेखनीय सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा सम्बन्धित पक्षको पूर्व सहमती लिनुपर्नेछ ।

२७. जमानत दिने व्यक्तिको दायित्व : (१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहनेछ ।

(२) प्रचलित कानुनको अधीनमा रही उपनियम (१) बमोजिम दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुलउपर गर्न सकिनेछ ।

२८. लिक्वीडेटर नियुक्तिः (१) ऐनको दफा ६७ को उपदफा (२) बमोजिम सहकारी संस्थाको सम्पत्ति लिक्वीडेशन गर्दा लिक्वीडेटर नियुक्ति गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गढी गाउँपालिकाभित्र कार्यक्षेत्र भएका संस्थाको हकमा गढी गाउँपालिकाले आफू मातहतका अधिकृत वा कर्मचारीलाई लिक्वीडेटरको रुपमा काम गर्न तोक्न सक्नेछ ।

२९. लिक्वीडेटरको काम कर्तव्य र अधिकारः ऐनको दफा ६७ अन्तर्गत नियुक्त लिक्वीडेटरको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विघटन भएका संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नको लागि सो संस्था वा हालवाला वा साविकवाला सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम १९ र २१ को कार्यविधि अपनाई असुल उपर गर्ने ।

(ख) विघटन भएका संस्थासँग कुनै साहुको कुनै रकम बाँकी रहेको र सो कुरा संस्थाको हिसाव किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्यादभित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी रहेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दावा गर्न आउनु भनी सूचना गर्ने ।

(ग) साहुहरूमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) संस्था विघटन गर्ने सिलसिलामा संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ङ) दर्ता अधिकारीको पूर्व स्वीकृति लिई संस्थाले गरेको वा संस्थाको विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने ।

(च) विघटनको लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने ।

(छ) संस्थाको खातावही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने ।

(ज) संस्थाको सम्पत्ति वेचविखन गर्ने ।

(झ) सरोकारवालाहरु समेतको परामर्शमा संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारहरूको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराहरूको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्थाको कुनै पदाधिकारी वा कर्मचारीलाई आफूसमक्ष उपस्थित गराइ सोधपुछ गर्न सक्नेछ ।

३०. लिक्वीडेशन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकारः नियम २९ बमोजिमको अधिकार प्रयोग गरी लिक्वीडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोहऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछ :

(क) निर्देशन विपरित लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाहरू पेश गराउन,

(ग) लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकिदिन,

(घ) लिक्वीडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) संस्थाको जायजेथा वितरण गर्ने अधिकार दिन,

(च) लिक्वीडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन, र

(छ) लिक्वीडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न।

३१. <u>लिक्वीडेशन कामको समाप्तिः</u> (१) ऐनको दफा ६६ अन्तर्गत दर्ता खारेज गरिएको कारण विघटन भएको संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रम अनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिनेछ :-

(क) विघटनको कामको निमित्त भएका खर्चहरू फछ्र्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनु पर्ने रकमहरू दिन,

(च) शेयर पूँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समय जतिको हकमा प्रति वर्ष शेयर पुँजीको अठार प्रतिशतका दरमा नबढ्ने गरी लाभांश वितरण गर्न ।

(२) कुनै संस्थाको विघटनको काम समाप्त भैसकेपछि पनि सो संस्थाको कुनै साहूले वितरणको योजना अनुसार पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहूले आफूले पाउनु पर्ने रकमको निमित्त दावी गरिसक्नु पर्नेछ ।सो म्याद नाघेपछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

३२. <u>लिक्वीडेशन पछिको सम्पत्तिको उपयोग</u>ः (१) ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्वीडेशनपश्चात् बाँकी रहन गएको सम्पत्तिको उपयोग देहायबमोजिम हुनेछ ।

(२) उपनियम (१) मा लेखिएका काममा खर्च गरी सक्दा पनि सम्बन्धित संस्थाको कोषको रकम बाँकी रहन आएमा उक्त रकम दर्ता अधिकारीको निर्देशन बमोजिम देहायको प्राथमिकताक्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ ।

(क) विघटित संस्थाको कार्यक्षेत्रमा सेवा पुर्‍याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै संस्था,

(ख) सो संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो सङ्घ,

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गढी गाउँपालिकाले उपनियम (१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम सहकारी अभियानलाई योगदान पुर्‍याउने अन्य कुनै निकायलाई हस्तान्तरण गर्न वा शिक्षा, स्वास्थ्य वा महिला बालबालिका तथा जेष्ठ नागरिकलाई प्रत्यक्ष फाइदा पुग्ने स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

३३. **दर्ता गर्ने अधिकारीको काम कर्तव्य र अधिकारः** दर्ता अधिकारीको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

क) सहकारी संस्था दर्ता गर्नको लागि परेको दरखास्तउपर आवश्यक जाँचवुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाले आफ्नो कार्य संचालन गर्न बनाएको विनियम स्वीकृत गर्ने, विनियम संसोधन तथा पुनर्लेखन र आन्तरिक कार्यविधि स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारणसम्वन्धी कार्य गर्ने,

(घ) नियमितरूपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाबकिताब जाँच गर्नुका साथै स्थापित सुचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरूको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउने,

(च) विपन्न ग्रामिण महिला, अपागंता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भुमिहीन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसख्यंक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भएबमोजिम कार्यान्वियन गर्ने,

(छ) सहकारी व्यवसाय, अन्तरसहकारी कारोबार तथा कृषि उपजको मूल्य शृङखला विकासका आयोजनाहरूलाई सहयोग पुऱ्याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन, यस नियमावलीअन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई ऐनमा भएको व्यवस्थाबमोजिम जरिवाना तथा अन्य कारवाही गर्ने,

(ट) ऐन तथा यस नियमावलीबमोजिम आफूलाई प्राप्त अधिकारहरू आवश्यकतानुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्ने,

(ट) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाहरुको वार्षिक निरीक्षण प्रतिवेदन सम्वन्धित निकायमा पेश गर्ने,

(ड) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले सदस्यहरुको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न सक्ने अवस्था नरहेको वा संस्था लगातार तीन वर्षसम्म घाटामा गएको लेखा परीक्षण प्रतिवेदनमा देखिएमा वा संस्थामा गम्भिर आर्थिक कठिनाई परी दामासाहीमा पर्न सक्ने अवस्था रहेको भन्ने निरिक्षण प्रतिवेदनमा उल्लेख भएमा दर्ता अधिकारीले त्यस्तो संस्थालाई सचेत गराउन बचत संकलनमा रोक लगाउन सक्नेछ ।

(ढ) प्रचलित कानून बमोजिम सहकारी संस्थाले प्राप्त गर्न सक्ने छुट, सुविधा र सहुलियतका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

(ण) यस ऐन, नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि र सहकारी विभाग तथा संघीय तथा प्रदेश निकायबाट प्राप्त निर्देशनबमोजिमका अन्य कार्यहरू गर्ने ।

३४. निरीक्षण तथा अनुगमनसम्बन्धी विशेष व्यवस्थाः (१) गढी गाउँपालिका अन्तरगतका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन गर्ने कर्तव्य गाउँकार्यपालिका र दर्ता गर्ने अधिकारीको हुनेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा सहकारी ऐन, नियमावली, विनियम तथा प्रचलित कानून बमोजिम सञ्चालन तथा व्यवस्थापन भए/गरेको नपाइएमा प्रचलित कानून बमोजिम त्यस्ता सहकारी संस्था, संचालक, व्यवस्थापक, जिम्मेवार सदस्य तथा कर्मचारीहरुलाई कारवाही गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कारवाही गर्दा सदस्य तथा कर्मचारीबाट संस्थामा आर्थिक हिनामिना भएको देखिएमा सोको जिम्मेवार सदस्य तथा कर्मचारीका साथै सञ्चालक समितिका पदाधिकारी समेत हुने र हिनामिना रकम निजहरुबाट प्रचलित कानून बमोजिम असूल उपर तथा दण्ड जरिवाना गरिनेछ ।

(४) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले पाँच करोड रुपैंया वा सोभन्दा बढी रकमको कारोबार भएको संस्थाले एक वर्षभित्र र अन्य संस्थाले तीन वर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्ध भइसक्नुपर्नेछ ।

(५) उपनियम (१) बमोजिमका संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्रलगायतमा गढी गाउँपालिकाले तोकेको मापदण्डहरू पालना गर्नुपर्नेछ ।

(६) उपनियम (२) बमोजिम तोकिएका मापदण्डहरूको पालनाको अवस्था उपनियम (१) बमोजिमको सूचना प्रणालीका आधारमा दर्ता गर्ने अधिकारीले नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ ।

(७) गाउँकार्यपालिका र दर्ता गर्ने अधिकारीले पालिका क्षेत्र भित्र रहेका सहकारी संस्थाहरूको नियमित अनुगमन तथा सघन अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(८) यस नियमबमोजिम हुने निरीक्षण तथा अनुगमनसम्बन्धी अन्य व्यवस्था गढी गाउँपालिकाबाट स्वीकृत कार्यविधिबमोजिम हुनेछ ।

३५. वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरणः ऐनको दफा ७४ उपदफा (२) को खण्ड (ङ) बमोजिम दर्ता अधिकारीले पेश गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरू कार्यविधिमा तोकेबमोजिम हुनेछ ।

३६. अन्तर-सहकारी कारोबारः (१) ऐनको दफा ९४ बमोजिम अन्तर-सहकारी कारोबार गर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकताको आधार लिएको हुनुपर्नेछ ।

(२) संस्थाले सदस्यस्तरका स्थानीय उत्पादनको मूल्य शृङ्खला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोबारलाई बढावा दिने गरी संयोजन गर्न सक्नेछ ।

(३) अन्तर सहकारी कारोबारमा संलग्न विभिन्न संस्थाका सदस्यहरूबाट उत्पादित उपज अग्रणी संस्था (लिड को-अपरेटिभ) को अवधारणाबाट कुनै एक संस्थामार्फत उत्पादन, सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(४) बचत तथा ऋण सम्बन्धी अन्तर सहकारी कारोबारको हकमा सम्बद्ध सहकारी संस्थाहरूले सम्बन्धित विषयगत सङ्घ वा सहकारी बैङकको भूमिका समेत निर्दिष्ट हुने गरी संघीय तथा प्रदेश निकायले तोकेको मापदण्ड पालना गर्नुपर्नेछ ।

(५) अन्तर सहकारी कारोबारसम्बन्धी अन्य व्यवस्था गढी गाउँपालिकाले स्वीकृत गरेको कार्यविधि, मापदण्ड, निर्देशिका तथा परिपत्र बमोजिम हुनेछ ।

३७. <u>संस्थाले विनियमावली बनाउनुपर्ने</u> :(१) सहकारी संस्थाले आर्थिक कार्यविधि विनियमावली, शेयर तथा बचत परिचालन विनियमावली र लगानी व्यवस्थापन विनियमावली बनाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमका संस्थाले उपनियम (१) मा उल्लिखित विनियमावलीका अतिरिक्त अन्य विनियमावली र आन्तरिक कार्यविधि समेत बनाउन सक्नेछ ।

३८. <u>सम्मान वा पुरस्कार र प्रोत्साहनसम्बन्धी व्यवस्था</u>: (१) गढी गाउँपालिकाले आधार र मापदण्ड बनाई दर्ता अधिकारीले एकीकरण गर्ने संघ, संस्था वा उत्पादन गर्ने वा सेवा प्रदान गर्ने संघ, संस्थाका सदस्य, संस्था वा निकायलाई कदरपत्र, नगद पुरस्कार, कार्यक्षेत्र विस्तार, सेवा केन्द्र वा बिक्री केन्द्र स्थापना, अनुदान रकम प्रदान गरी सम्मान वा पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा संस्थाका सदस्य, सहकारी संस्था वा निकायहरूका लागि छुट्टाछुट्टै आधारहरू तय गरी गरिनेछ।

३९. <u>विवाद निरूपण समितिको गठन</u>: (१) गढी गाउँपालिकाले कार्यविधि बनाई विवाद निरुपण समितिको गठन देहायबमोजिम गर्नेछ :-

(क) कार्यपालिकाले तोकेको कम्तीमा अधिकृतस्तरको कर्मचारी - संयोजक

(ख) जिल्ला सहकारी सङ्घको प्रतिनिधि - सदस्य

(ग) विवादसँग सम्बन्धित जिल्ला विषयगत सहकारी सङ्घको प्रतिनिधि - सदस्य

(घ) गाउँ सहकारी विकास समितिको प्रतिनिधि - सदस्य ।

(ङ) सहकारी शाखाको कर्मचारी - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले विवादसँग सम्बन्धित सहकारी संस्थाका एक-एक प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रित गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिमको विवाद निरुपण समितिले आफ्नो कार्यविधि आफैं तय गर्न सक्नेछ ।

४०. <u>बाधा अड्काउ फुकाउसम्बन्धी विशेष व्यवस्था</u> : यो नियम तथा यसअन्तर्गत बनेका कार्यविधि, निर्देशिका र मापदण्डको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अवरोध पर्न गएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार क्षेत्र गाउँ कार्यपालिकामा निहित रहनेछ ।

४१. <u>अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने</u>: गढी गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

अनुसूची -१

(नियम ३ को उपनियम (१) संग सम्वन्धित)

दर्ता दरखास्तको ढाँचा

मिति: २०.../../..

श्री ..................................................ज्यू

गढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

औरावनी, सुनसरी।

विषय: सहकारी संस्थाको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्धेश्य अनुरुप संस्थाले तत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसैसाथ संलग्न राखी पेश गरेका छौं ।

संस्थासम्वन्धी विवरण:

क) प्रस्तावित संस्थाको नाम:

ख) ठेगाना:

ग) उद्धेश्य:

घ) मुख्य कार्य:

ङ) कार्यक्षेत्र:

च) दायित्व:

छ) सदस्य संख्या:

१) महिला........जना

२) पुरुष..........जना

३) यौनिक अल्पसंख्यक.......जना

४) अन्य..........

ज) प्राप्त शेयर पूँजीको रकम: रु.....

झ) प्राप्त शेयर शुल्कको रकम: रु.....

आवेदकहरुको तर्फबाट

नाम:

हस्ताक्षर:

पद: तदर्थ संचालक समितिका अध्यक्ष

(प्रस्तावित.............सहकारी संस्था लि।)

अनुसूची -२

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तु

१.परिचय

२.संस्था गठन गर्नुपर्नाको कारण

३.सदस्यताको जनसाङ्ख्यिक आधार

४.सहभागिताको औचित्य

५.व्यावसायिक सम्भाव्यता

५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान

५.२ सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरू

५.३ कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपण

६.पुँजी आवश्यकता र स्रोत

६.१ आवश्यकताको अनुमान

६.२ स्रोत

६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरू

६.बजार विश्लेषण

७.१ नजिकको बजार

७.२ टाढाको बजार

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण

१०.महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू

११.जनशक्ति व्यवस्था

१२.संस्थाको विकास र स्थायित्वका आधारहरू ।

## अनुसूची -३

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

### आवेदकहरुको विवरण फारामको ढाँचा

| सि. नं. | बाजेको नाम थर | बाबुको नाम थर | पति वा पत्नीको नाम थर | आवेदकको नाम | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको सेवाको विवरण | | | सम्पर्क मोबाइल नं. | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |

अनुसूची -४

(नियम ३ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

व्यावसायिक कार्ययोजनाको रुपरेखा

संस्थाको नामः-

ठेगाना :-

क.उद्देश्य :-

१...........................................................

२...........................................................

३...........................................................

ख. कार्यहरु

१...........................................................

२...........................................................

३...........................................................

४...........................................................

५...........................................................

६...........................................................

ग. आगामी तीन वर्ष पछिको अवस्था प्रक्षेपण

ग-१. सदस्यता विस्तार लक्ष

| बिवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य संख्या | | | | |
| -महिला | | | | |
| -पुरुष | | | | |
| -जम्मा | | | | |
| • जम्मा सदस्यमा दलित समुदायको प्रतिशत | | | | |

ग-२. व्यावसायिक सेवा विस्तार लक्ष

| बिवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्यको उत्पादन खरिद | | | | |
| -परिमाण (........) | | | | |
| -रकम रु. | | | | |
| -लाभान्वित हुने सदस्य जना | | | | |
| • सदस्यलाई वस्तु वा सेवा बिक्री | | | | |
| -परिमाण (....) | | | | |
| -रकम रु. | | | | |
| -लाभान्वित हुने सदस्य जना | | | | |

| | | | | |
|---|---|---|---|---|
| • सदस्यलाई रोजगारीको अवसर श्रृजना<br>-प्रत्यक्ष पूर्णकालिन जना<br>-अप्रत्यक्ष पूर्णकालिन (वर्षमा २,०८० घण्टाको १ जनाको हिसावमा जम्मा जना | | | | |
| • सदस्यलाई ऋण सेवा(वार्षिक)<br>-रकम रु.<br>-जना | | | | |
| • सदस्यलाई बचत सेवा मौज्दात<br>-रकम रु.<br>-जना | | | | |

ग-३. सहकारी गतिविधि बिस्तार लक्ष

| बिवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य शिक्षा वार्षिक जना | | | | |
| • गाँउ/टोल/उपक्षेत्रीय सदस्य बैटकहरु आयोजना (वार्षिक पटक) | | | | |
| • सामुदायिक विकासका योजनाहरु संचालन | | | | |

| घ. पूँजीको स्रोत र उपयोग बिवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • आवश्यकता | | | | |
| -स्थिर पूँजीतर्फ (घर,जग्गा,कारखाना,उपकरण,फर्निचर आदि) | | | | |
| -चालु पूँजीतर्फ (मौज्दात मालसामान,उधारो बिक्री,नगद मौज्दात आदि) | | | | |
| -ऋण लगानीतर्फ | | | | |
| -जम्मा | | | | |
| • स्रोत | | | | |
| -शेयर पूँजी | | | | |
| -जगेडा कोष | | | | |
| -अन्य (..........) | | | | |
| -सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र) | | | | |
| -जम्मा | | | | |

ङ. कार्यान्वयन जिम्मेवारी बाँडफाँड

ङ-१. सञ्चालक समितिको जिम्मेवारी

ङ-२. गाँउ/टोल/उपक्षेत्रीय बैटकको जिम्मेवारी

ङ-३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

ङ-४. व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी

ङ-५. प्रत्येक सदस्यको जिम्मेवारी

च. कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पर्ने प्रभावका सूचकहरु

छ. कार्यान्वयन प्रगतिको समिक्षा एवं जवाफदेही स्थापना बिधि

## अनुसूची -५
### भर्पाईको नमूना
(नियम ३ को उपनियम (३) को खण्ड (ग) संग सम्वन्धित)

भर्पाई दादै प्रस्तावित ......................सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका .....................श्री ......................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरुको ..................प्रारम्भिक भेलाको मिति..............को निर्णयबमोजिम प्रति शेयर रु...........।–का दरले ..................जनाबाट जम्मा ..............कित्ताको हुन आउने जम्मा रकम रु....................।–(अक्षेरपी.................मात्र) र प्रवेश शुल्क प्रतिव्यक्ति रु..........।–का दरले हुर आउने रु..........।–(अक्षेरपी...................मात्र) गरी जम्मा रु...........।– (अक्षेरपी.......................मात्र) सहकारि संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भरपाईमा सहिछाप गरी ......................कार्यालयमा पेश गरेको छु ।प्राप्त रकम हाल मेरो .............मा रहेको ...............हिसाव नं...............मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु ।उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राखेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानून बमोजिम कारवाही भएमा मेरो मञ्जुरी छ ।

ईति सम्वत् २०...... साल.............महिना ...........गते रोज.............शुभम् ।

## अनुसूची -६

### तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फाराम

(नियम ३ को उपनियम (३) को खण्ड (घ) सँग सम्बन्धित)

| सि.न. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने मिति | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहिछाप | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |

अनुसूची -७

(नियम ३ को उपनियम (३) को खण्ड (ङ) सँग सम्बन्धित)

स्व घोषणा-पत्रको नमूना

प्रस्तावित श्री ......................सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपशिल बमोजिमका आवेदकहरुले प्रचलित कानूनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारणवाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुरका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं :

हामी आवेदकहरु कोही पनि –

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं;
- बैंक, बित्तिय संस्था वा अन्य कुनै सहकारी संस्था/सङ्घ/राष्ट्रिय सहकारी बैंकको कानूनबमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं;
- यस अघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारवाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं;
- सम्पत्ति सुद्धिकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं र
- सहकारी दर्शन,सिद्धान्त,मूल्य मान्यता र कानून बमोजिम स्वावलम्वन र पारस्पारिकताको भावनाबाट आफ्नो वहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपयुक्त व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम संहुला बुझाउंला भनी सहिछाप गर्ने-

| सि.नं. | सदस्यको नाम,थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नं. | सहिछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

अनुसूची ८

(नियम ३ को उपनियम (३) को खण्ड (च) सँग सम्बन्धित)

अधिकार प्रत्यायोजनको नमूना

मिति २०...../...../.....

श्री दर्ता गर्ने अधिकारीज्यू,
गढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
औरावनी, सुनसरी ।

विषयः- अधिकार प्रत्यायोजन सम्बन्धमा ।

महोदय,

यस प्रस्तावित ..............सहकारी संस्था लिं को मिति २०.../..../....मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानूनबमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम कारवाही गर्न निम्न दस्तखत नमूना भएको तदर्थ सञ्चालक समितिका ....................श्री ............................श्री..................................र ..........................श्री ...........................समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधिकोरुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| नाम | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|
| १ श्री..................... | | | |
| २ श्री.................... | | | |
| ३श्री....................... | | | |

| सि.नं. | सदस्यहरुको नाम, थर | ठेगाना | सहिछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

द्रस्टव्यः अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गर्नुपर्नेछ ।

अनुसूची -९

(नियम ६ को उपनियम (२) को खण्ड (घ) सँग सम्बन्धित)

(कार्यक्षेत्र पुन: निर्धारणका लागि सहकारी संस्थाले पेश गर्न पर्ने निवेदनको ढाँचा)

दर्ता गर्ने अधिकारीज्यू,

गढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

औरावनी, सुनसरी ।

विषय: कार्यक्षेत्र पुन: निर्धारणसम्बन्धी प्रतिवेदन ।

संस्थाको नाम:

ठेगाना:

साविक कार्यक्षेत्र:

| सि.नं. | स्थान (गा.पा.) वडागत | सदस्य संख्या | उक्त वडाको वर्तमान जनसंख्या | शेयर पूँजी (रकम) | बचत निक्षेप (रकम) | लगानी (रकम) | जम्मा कारोबारको हिस्सा (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

१.वडागत सदस्यता विश्लेषण:

२.थप वा घटाउन माग गरिएको कार्यक्षेत्र:

३.थप वा घटाउन पर्ने कार्यक्षेत्रको कारण र औचित्य:

छाप

निवेदक संस्था

अनुसूची -१०

(नियम १० सँग सम्बन्धित)

विनियममा उल्लेख गर्नुपर्ने विषयहरू :

प्रस्तावना :

१ संक्षिप्त नाम र प्रारम्भ
२ संस्थाको नाम र ठेगाना
३ परिभाषा र व्याख्या
४ उद्देश्य
५ कार्यहरु
६ कार्यक्षेत्र
७ संस्थाको सदस्यता
८ सदस्यको लागि योग्यता
९ सदस्यताका लागि निवेदन र प्राप्ती
१० सदस्यताको अन्त्य
११ सदस्यको निश्काशन
१२ सदस्यबाट राजीनामा
१३ पुनः सदस्यता
१४ सदस्यको काम, कर्तव्य र अधिकार
१५ सदस्यता खुल्ला रहने
१६ सदस्यता प्राप्ती, पुनः प्राप्ती र राजीनामा स्वेच्छिक हुनुपर्ने
१७ शेयर पूंजी
१८ सदस्य बन्न कम्तीमा एक शेयर खरीद गर्नुपर्ने
१९ थप शेयर खरीद गर्न सक्ने
२० शेयर फिर्ता वा हस्तान्तरण
२१ प्रवेश शुल्क
२२ कृत्रिम छेकवार नलगाइने
२३ शेयर प्रमाणपत्र
२४ सदस्यको दायित्व सीमित हुने
२५ प्रारम्भिक साधारण सभा
२६ वार्षिक साधारण सभा
२७ विशेष साधारण सभा
२८ साधारण सभाको बैठक
२९ साधारण सभाको काम कर्तव्य र अधिकार
३० साधारण सभाको निर्णय अनिवार्य हुने
३१ गाउँ टोल उपक्षेत्रीय बैठक
३२ गाउँ टोल उपक्षेत्रीय बैठकको कार्यहरु

३३ गाउं टोल उपक्षेत्रीय बैठकको कार्य व्यवस्था
३४ सञ्चालक समिति
३५  संचालक समितिको काम कर्तव्य र अधिकार
३६ समितिको बैठक
३७ लेखा सुपरिवेक्षण समिति
३८ लेखासुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार
३९ समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्था
४० उपसमितिहरुको गठन
४१ प्रतिनिधित्व
४२ उत्तरदायित्व श्रृंखला
४३ अध्यक्षको काम, कर्तव्य र अधिकार
४४ व्यवस्थापकको नियुक्ति
४५ व्यवस्थापकको काम, कर्तव्य र अधिकार
४६ विशेष जिम्मेवारी
४७ कर्मचारीको नियुक्ति तथा सेवाका सर्तहरु
४८ कोषको व्यवस्था
४९ कोषको सुरक्षा
५० कोषको उपयोग
५१ खाता संचालन
५२ बचतको वितरण
५३ जगेडा कोष
५४ संरक्षित पूंजीफिर्ता
५५ लाभांश वितरण नगरिने
५६ जगेडाकोषमा रहक सार्नुपर्ने
५७ बचत संकलन गर्न सक्ने नसक्ने
५८ बचत संकलनमा सीमा
५९ ऋण दिन सक्ने
६० ऋण प्रवाहमा सीमा
६१ ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
६२ साधारण सभाको स्वीकृति लिनुपर्ने
६३ सदस्य केन्द्रीयता
६४ स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
६५ कर्मचारीसंगको कारोबारमा निबन्धन
६६ जोखिम मूल्यांकन
६७ कारोबार नगरिने
६८ कारोबारको लेखा
६९ खाताबही

७० आन्तरिक हिसाब जांच
७१ वार्षिक हिसाब जांच
७२ विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्यांकन गर्नुपर्ने
७३ अन्य आधारभूत कागजात
७४ एकीकृत सूचना प्रणालीमा आवद्धता
७५ दर्ता अधिकारी वा दर्ता अधिकारीबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन
७६ वित्तीय जानकारी एकाइमा प्रतिवेदन
७७ साधारण सभामा जानकारी गराउनु पर्ने
७८ सूचनाको हक तथा अग्रतापूर्ण खुलासा
७९ सूचनाको संरक्षण
८० हकवालाको मनोनयन
८१ हकदावी वा नामसारी
८२ निर्वाचन
८३ सपथ ग्रहण
८४ एकीकरण वा विभाजन
८५ कार्यान्वयन अधिकारी
८६ मध्यस्थता
८७ समानता र समता
८८ विनियम संसोधन । पुनर्लेखन
८९ साधारण सभाले कार्यविधि बनाउन सक्ने
९० व्याख्या गर्ने अधिकार
९१ ऐन, नियमावलीसंग बाझिएकोमा अमान्य हुने
९२ विविध
९३ खारेजी र बचाउ ।

क) संस्थाको विनियम २०.....साल खारेज गरिएको छ ।

ख) विनियम.......... बमोजिम भए गरेका काम कारवाही यसै विनियम बमोजिम भए गरेको मानिनेछ ।

अनुसूचि-११

(नियम ३३(क) सँग सम्बन्धित)

गढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

औरावनी, सुनसरी ।

संस्था दर्ता प्रमाणपत्र

दर्ता नं.

गढी गाउँपालिका, सहकारी ऐन, २०७४ को दफा ६ बमोजिम श्री ........................................ लाई सिमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

वर्गिकरणः ....................................

दर्ता गरेको मितिः .............................

दस्तखतः .............................

दर्ता गर्ने अधिकारीको नामः ..................

कार्यालयको छापः ..............................